आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली
मितिः २१ जुलाई २०२४
समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. भोलि सोमवारदेखि संसदको बजट सत्र शुरु हुन गइरहेको छ।

२. प्रधानमन्त्र नरेन्द्र मोदीले विश्व धरोहर समितिको बैठक देशको विरासतको संरक्षणको लागि वैचारिक आदान-प्रदानको महत्वपूर्ण मंच रहेको बताउनुभएको छ।

३. मुख्यमंत्री ममता बनर्जीले आज कोलकातामा आयोजित शहीद दिवस समारोहमा शहीद हरुलाई श्राद्धाञ्जली दिनु भएको छ।

४. आज आध्यात्मिक गुरु तथा आचार्यहरु प्रति समर्पित दिवस गुरू पूर्णिमा हो।

**सर्वदलीय बैठक**

भोलिदेखि सुरु हुन गइरहेको संसदको बजेट सत्र अघि सरकारले दुवै सदनहरुको कार्यवाहीको सुचारू संचालन सुनिश्चित गर्नको लागि आज सर्वदलीय बैठक बोलाएको थियो। बैठकपछि संसदीय कार्य मंत्री किरेन रिजिजूले संवाददाताहरुसंगको कुराकानीमा भन्नुभयो कि सरकारले कुनै पनि मुद्दामाथि खुल्ला रुपले चर्चा गर्नको निम्ति तयार छ। उहाँले बजेट अधिवेशनलाई सहज बनाउन सबै दललाई सहयोग गर्न आग्रह गर्नुभयो। बैठकमा सहभागी हुनेहरूमा केन्द्रीय मन्त्रीहरू राजनाथ सिंह, जगत प्रकाश नड्डा, राष्ट्रवादी कांग्रेस पार्टी नेता प्रफुल्ल पटेल, आम आदमी पार्टीका नेता सञ्जय सिंह र अन्य नेताहरू पनि उपस्थित थिए। संसदको बजेट अधिवेशन यही महिनाको १२ अगस्टसम्म चल्ने र आगामी मंगलबार बजेट प्रस्तुत गरिने भएको छ।

****** ० ******

**पीएम-विश्व धरोहर**

प्रधानमंत्री नरेन्द्र मोदीले विश्व धरोहर समितिको बैठक गर्ने अवसर भारतलाई प्राप्त भएकोमा प्रसन्नता व्यक्त गर्नुभएको छ। सोशल मीडिया मा एउटा पोस्टमा प्रधान मंत्रीले भारतले प्रथम पटक समितिको अध्यक्षता गरिरहेको तथा आफु आज बेलुकीको कार्यक्रम प्रति उत्सुक रहेको बताउनुभएको छ। श्री मोदीले यो बैठक देशको विरासतको संरक्षणको लागि वैचारिक आदान-प्रदान को महत्वपूर्ण मंच रहेको पनि बताउनुभएको छ।

****** ० ******

**शहीद दिवस**

तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले आज कोलकाताको धर्मतलामा आयोजित शहीद दिवस समारोहमा कथित भ्रष्टाचार विरुद्ध भाजपाको आलोचना गर्नुभएको छ। ममता ब्यानर्जीले केंद्र सरकारलाई चेतावनी दिँदै केंद्र में अधिक दिन सम्म एनडीए सरकार नरहने दावी पनि गर्नुभयो। यसको साथै उहाँले आफ्नो पार्टीका नेताहरुलाई पनि कुनै प्रकारको अनियमितता सहन नगरिने कुरो पनि बताउनुभयो। ममता बनर्जीले बंगालले नै देश को पहिचानलाई बचाएर राख्ने कुरो पनि बताउनुभयो। आफ्नो शासनमा गरीबी दर आठ प्रतिशत सम्म घटेको पनि मुख्मंत्रीले बताउनुभयो। एकतर्फा एजेंसीहरुको दुरुपयोग भएता पनि मानिसहरु आफुसित खड़ा रहेको सुश्री ब्यानर्जीले बताउनुभयो। मुख्यमंत्रीले आफ्नो संबोधनको शुरुआतमा समाजवादी पार्टीको नेता अखिलेश यादव बंगाल आउनुभएकोमा धन्यवाद दिनुभयो। अखिलेश यादवले ममता ब्यानर्जीको नेतृत्वको प्रशंसा गर्दै जनताको जीवनमा परिवर्तन ल्याउन एकजुट भएर काम गर्न पर्ने बताउनुभयो। यसको साथै श्री यादवले नकरात्मक राजनीति नगर्ने तर सकरात्मक राजनीति मात्र गर्ने कुरो पनि बताउनुभयो। यस कार्यक्रमलाई सम्बोधन गर्दै तृणमूल कंग्रेसको महासचिव अभिषेक बनर्जीले गत एक-डेढ़ महीनादेखि पार्टीको योजनाहरुको मूल्यांकन चलिरहेको अनि शीघ्र नै यसको परिणाम अघि आउने कुरो बताउनुभयो। कार्यक्रममा अन्य नेताहरुले पनि आफ्नो सम्बोधन राखेको बताइएको छ।

उल्लेखनीय छ, कोलकतामा प्रत्येक वर्ष २१ जुलाईको दिन तृणमूल कंग्रेसले शहीद दिवस पालन गर्ने गरेको छ। १९९३ मा ममता बनर्जीको नेतृत्वमा भएको राइटर्स अभियानमा १३ जना गोली लागेर शहीद भएका थिए। यस अवसरमा तृणमूल कंग्रेसले बृहत् समागम आयोजना गरेर शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्दछन्। यसै क्रममा आज दार्जीलिङ पहाडका तृणमूल कंग्रेसका कार्यकर्ताहरू पनि हिल तृणमूल कंग्रेस चेयरम्यान एलबी राईको नेतृत्वमा कोलकत्ता पुगेर शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गरेका छन्।

****** ० ******

**सी.एम बंगलादेश आन्दोलन**

आरक्षण विरोधी आन्दोलनलाई लिएर छिमेकी राष्ट्र बंगलादेशमा जारी रक्तपात, अशान्ती अनि अराजक्ता बीच पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज कलकतामा आयोजित तृणमूल कंग्रेसको शहिद दिवसको सभाको मंचबाट बंगलादेशी नागरिकको सहायता गर्ने अनि उनीहरूलाई शरण दिने मन्तव्य दिनुभयो। मुख्यमन्त्रीले सफा शब्दमा भन्नुभयो, यदि असहाय बंगलादेशी नागरिकहरूले बंगालको दैलो ढकढकाउँछन् भने निश्चय उनीहरूले सहायता पाउनेछन्। यद्यपि पश्चिम बंगालकी मुख्यमन्त्रीले बंगलादेश बारे कुनै आधिकारिक बयान दिन उहाँ असमर्थ छन्।

****** ० ******

**बांग्लादेश**

बांग्लादेशमा सरकारी रोजगारमा आरक्षण विरुद्ध प्रदर्शन हिंसक भएको मध्यनजर भारतीय, नेपाली अनि भूटानी छात्रहरु स्वदेश फर्कीरहेका छन्। सीमा सुरक्षा बल (बीएसएफ), छात्रहरुलाई सुरक्षित फर्काइ ल्याउनका लागि बर्डर गार्ड बांग्लादेश (बीजीबी) सित लगातार संपर्क मा रहेको छ। पश्चिम बंगालमा रहेको भारत बांग्लादेश सीमामा तैनात बीएसएफले दक्षिण बंगाल सीमांतमा यी छात्रहरु सुरक्षित फर्की आउन सुनिश्चित गर्न विशेष हेल्प डेस्कहरु पनि स्थापित गरेको छ। हाल सम्म  बीएसएफ ले ५ सय ७२ भारतीय छात्रहरु, १ सय ३३ नेपाली छात्र अनि चार भूटानी छात्रहरुलाई सुरक्षित फर्काइ ल्याइ सकेका छन्।

****** ० ******

**गुरू पूर्णिमा**

आज गुरू पूर्णिमा हो। आजको दिन ऋषि वेदव्यासको जयंती पनि हो जसकारण आजको दिनलाई व्यास पूर्णिमा पनि भनिन्छ। यो दिन आध्यात्मिक गुरु तथा आचार्यहरुलाई समर्पित हुँदछ। यस अवसरमा मानिसहरुले आफ्नो गुरुहरु प्रति आभार पनि प्रकट गर्दछन्। भगवान बुद्धले सम्बोधि प्राप्त गर्नुभएपछि बोधगया देखि सारनाथको यात्रा गर्नुभएको थियो अनि आज को दिन नै आफ्नो प्रथम धर्मोपदेश दिनुभएको थियो। प्रधानमंत्री नरेन्द्र मोदीले आज गुरुपूर्णिमाको अवसरमा देशवासीहरुलाई शुभकामना दिनुभएको छ। उहाँले सोशल मीडिया पोस्टमा मानिसहरुलाई बधाई दिनुभएको छ।

****** ० ******

**शहिद बृजेश श्रधांजलि**

दार्जीलिङ जिल्लाको गिङ कमान निवासी कप्तान ब्रीजेस थापाले जम्मु कश्मीरको डोडा जिल्लामा आतंकबादीसँगको मुठभेडमा प्राण गुमाएका थिए भने उनको आत्मा शान्ति र परिवारलाई यो बज्रघात सहन गर्ने शक्ति प्रदान गरून् भन्दै गोर्खा भुतपुर्व सैनिक अर्ध सैनिक संगठन, सिलिगढी डिभिजनले श्रद्धाञ्जली कार्यक्रम आयोजना गर्यो। यस कार्यक्रम सिलिगुडीको मल्लागडी हनुमान मन्दिर छेउ मेजर धन सिंह थापाको सालिक बसाइने ठाउँमा सम्पन्न भएको थियो। एक मिनेटको मौन धारण गरी शहिद कप्तान ब्रीजेस थापाको आत्मा शान्तिको निम्ति प्रार्थना गर्दै मैनबत्ती बालेर भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो।

****** ० ******

**दमाई समाज**

आज श्री दमाई समाज खरसाङको सभा अनि नयाँ कमिटी गठन गरिएको छ। श्री दमाई समाज खरसाङको सभा गोर्खा जनपुस्ताकालय खरसाङमा प्रकाश सेवाको अध्यक्षतामा सम्पन्न भयो। सभालाई उमेश कार्कीढोलीले सञ्चालन गरेका

थिए। यसै सभामा श्री दमाई समाज खरसाङको नयाँ कमिटी गठन गरिएको छ। उक्त नयाँ कमिटीमा सभापति प्रकाश सेवा, उपसभापति ललित सुन्दास, सचिव दिपेन सेवा, सह सचिव मनिष सेवा, कोषाध्यक्ष मुन्ना सुन्दास, प्रचार प्रसार सचिव उमेश कार्कीढोली, सल्लाहकारमा हिरेनकुमार त्रिखत्री, कैलाश सेवा, सुरज नौवाग, महेन्द्र दर्णाल लगायत १० जना कार्यकारिणी सदस्यहरू चयन गरिएको छ। उक्त नयाँ कमिटीले आगामी दुई वर्षका लागि कार्य गर्ने भएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**पगलाझोड़ा**

राष्ट्रीय राजमार्ग १ सय १० अन्तर्गत धैयाबारी अनि महानदी बीचको पगलाझोड़ामा गएको पैह्रोको माथिल्लो भागमा रहेको पहाड़ काटेर बाटो निकाल्ने कार्यपछि अहिले गाड़ीहरू कुद्न थालेको छ। यहाँबाट गाड़ीहरू कुद्न थाले पनि आधिकारिक रूपमा भने गाड़ीहरू कुद्न भोलि सोमबारदेखि मात्र थालिने जानकारी प्राप्त भएको छ। गत ५६जुलाईमा पगलाझोड़ामा गएको पैह्रोको कारणले राष्ट्रिय राजमार्ग ११० बन्द अवस्थामा थियो।

****** ० ******

**टोय ट्रेन**

सिलगढ़ीदेखि दार्जीलिङसम्मको टोय ट्रेन परिसेवा आगामी १ अगस्तदेखि पुनः संचालन गरिने जानकारी प्राप्त भएको छ। स्मरण रहोस, यस महिनाको पहिलो सातामा व्यापक वर्षाको कारण दार्जीलिङ, खरसाङका विभिन्न क्षेत्रहरूमा गएको पहिरोले गर्दा दार्जीलिङदेखि एनजेपीसम्मको टोय ट्रेन सेवा ४ जुलाईदेखि बाधित भएको थियो।

****** ० ******

**मंजु सडक**

मञ्जु चियाबारीका १६ वटा स्वनिर्भर दल मिलेर मञ्जु जाने सडकको मरम्मत आजदेखि शुरू गरेका छन्। स्थानीय बासिन्दाहरूले लामो समयदेखि सडकको दयनीय अवस्थाको सामना गरिरहेका थिए। सम्बन्धित अधिकारीहरूबाट सहयोग नपाएपछि स्वनिर्भर दलले आफै सामग्री जुटाएर काम थालेका हुन्। यस सामूहिक प्रयासले स्थानीय समुदायमा सकारात्मक प्रभाव परेको छ र भविष्यमा पनि यस्तै एकताले अन्य समस्याहरू समाधान गर्न मद्दत गर्ने स्वनिर्भर दलले बताएका छन्।

****** ० ******

**मिरिक भारतनात्यम**

मिरिकको उत्कृष्ट नृत्य संस्था नृत्य निकेतन मिरिकद्वारा भरतनाट्यम र लोक नृत्य परीक्षा सम्पन्न गरियो। परीक्षामा नृत्य निकेतन मिरिककी निर्देशक र प्रशिक्षक मेडिका राई र छन्दमल्लिकाकी भरतनाट्यम स्वर्ण पदक विजेता तथा नृत्य शिक्षिका देबजानी पल विशेष रूपमा उपस्थित थिए। परीक्षामा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको र उत्कृष्ट प्रदर्शन देखिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**सागरदिघी- युवक**

सागरदिघीमा नुहाउन गएका एकजना युवकको डूब्नको कारण मृत्यु भएको छ। घटना आज बिहान कूचबिहारमा भएको हो। पुलिस अनि नागरिक सुरक्षा दलले दिघीबाट युवकको शव प्राप्त गरेको छ। शवलाई पोस्टमार्टमको लागि एमजेएन मेडिकल कलेज एवं अस्पताल पठाइएको छ। युवकको नाम अनि पहचान जान्नको लागि जांच शुरू गरिएको छ।

****** ० ******

**बीएसएफ**

दक्षिण दिनाजपुर जिल्लामा भारत-बांग्लादेश सीमामा तैनथ उत्तर बंगाल फ्रंटियरको रायगंज सेक्टर अंतर्गत १ सय ६४ औ बटालियनको बर्डर आउट पोस्ट (बीओपी) विशेष जाँच दलले एकजना बांग्लादेशी तस्करलाई पक्राउ गरेको छ। सिमा सुरक्षा बल (बीएसएफ) अनुसार, यस बांग्लादेशी नागरिकलाई सिमा पार गर्ने प्रयास गरिरहेको समय गिरफ्तार गरिएको हो।

****** ० ******

## नेपाल खोज अभियान

नेपालको सिमलतालको त्रिशुली नदीमा खसेको बसका यात्रीहरूको खोजी अभियान भारतका ए.पी.एफ अनि एन.डी.आर.एफ-को संयुक्त रूपमा आज दशौं दिन पनि जारी रहयो। यस दुर्घटनामा ६० भन्दा अधिक व्यक्तिहरूको मृत्यु भएका मानिसहरूको शवको खोजी अभियानमा भारतका राष्टीय आपदा प्रतिक्रिया बल, एनडीआरएफ-का १२ सदस्यीय दल लागि परेका छन्। अहिलेसम्म त्रिशुली अनि नारायणी नदीको अलग अलग किनारबाट २५ जना व्यक्तिहरूको शव प्राप्त भइसकेको छ।

****** ० ******

************